# नेपाल खुला विश्वविद्यालय

## मानभवन ललितपुर

## प्रवेश परीक्षा सञ्चालन कार्याविधि, २०७५

(मिति २०७५/१/१२ को कार्यकारी परिषदको बैठकको निर्णयबाट स्वीकृत)

नेपाल खुला विश्वविद्यालयले विभिन्न संकाय अन्तर्गतका विभिन्न तहका कार्यक्रमहरुमा विद्याथी भर्ना आवेदन फाराम भरेका परीक्षार्थीहरुको प्रवेश परीक्षा व्यवस्थित, अनुशासित, मर्यादित र शान्तिपूर्ण रुपमा सञ्चालन गर्नका लागि विश्वविद्यालयको ऐन र नियम अन्तर्गत रहने गरी नेपाल खुला विश्वविद्यालय, शैक्षिक प्रशासन सम्बन्धी नियम, २०७४ को दफा १६६ प्रयोग गरी कार्यकारी परिषदले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम नेपाल खुला विश्वविद्यालय प्रवेश परीक्षा सञ्चालन कार्यविधि २०७५ रहेको छ । यो कार्यविधि कार्यकारी परीषद्बाट पारित भए पछि विश्वविद्यालयले सञ्चालन गर्ने प्रवेश परीक्षााका सन्दर्भमा लागु हुनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) विश्वविद्यालय भन्नाले नेपाल खुला विश्वविद्यालय सम्झनुपर्दछ ।

ख) कार्यक्रम भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरु सम्झनु पर्दछ ।

ग) डीनको कार्यालय भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतको सम्बन्धित डीनको कार्यालय सम्झनु पर्दछ ।

घ) डीन भन्नाले सम्बन्धित संकायको प्रमुख सम्झनु पर्दछ ।

ङ) केन्द्रध्यक्ष भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरुमा भर्ना आवेदन फाराम पेश गर्ने आवेदक परीक्षार्थीहरुको परीक्षा सञ्चालनका लागि प्रवेश परीक्षा सञ्चालक समितिद्वारा नियुक्त केन्द्राध्यक्षलाई सम्झनु पर्दछ ।

नेपाल खुला विश्वविद्यालयले विभिन्न संकाय अन्तर्गतका विभिन्न तहका कार्यक्रमहरुमा विद्याथी

भर्ना आवेदन फाराम भरेका परीक्षार्थीहरुको प्रवेश परीक्षा व्यवस्थित, अनुशासित, मर्यादित र शान्तिपूर्ण रुपमा सञ्चालन गर्नका लागि विश्वविद्यालयको ऐन र नियम अन्तर्गत रहने गरी नेपाल खुला विश्वविद्यालय, शैक्षिक प्रशासन सम्बन्धी नियम, २०७४ को दफा १६६ प्रयोग गरी कार्यकारी परिषदले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम नेपाल खुला विश्वविद्यालय प्रवेश परीक्षा सञ्चालन कार्यविधि २०७५ रहेको छ । यो कार्यविधि कार्यकारी परीषद्बाट पारित भए पछि विश्वविद्यालयले सञ्चालन गर्ने प्रवेश परीक्षााका सन्दर्भमा लागु हुनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) विश्वविद्यालय भन्नाले नेपाल खुला विश्वविद्यालय सम्झनुपर्दछ ।

ख) कार्यक्रम भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरु सम्झनु पर्दछ ।

ग) डीनको कार्यालय भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतको सम्बन्धित डीनको कार्यालय सम्झनु पर्दछ ।

घ) डीन भन्नाले सम्बन्धित संकायको प्रमुख सम्झनु पर्दछ ।

ङ) केन्द्रध्यक्ष भन्नाले नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरुमा भर्ना आवेदन फाराम पेश गर्ने आवेदक परीक्षार्थीहरुको परीक्षा सञ्चालनका लागि प्रवेश परीक्षा सञ्चालक समितिद्वारा नियुक्त केन्द्राध्यक्षलाई सम्झनु पर्दछ ।

च) निरीक्षक नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरुमा भर्ना आवेदन फाराम पेश गर्ने आवेदक परीक्षार्थीहरुको परीक्षा सञ्चालनका लागि प्रवेश परीक्षा सञ्चालक समितिद्वारा नियुक्त केन्द्राध्यक्षबाट तोकिएका शिक्षक तथा कर्मचारी समेतलाई सम्झनु पर्दछ ।

३. कार्यविधिको प्रयोग र पालना : यो कार्यविधिको प्रयोग र पालना गर्ने गराउने दायित्व विश्वविद्यालय र यस अन्तर्गतका कार्यालयहरु, प्रत्यायोजित अधिकार प्रयोग गर्ने समिति, व्यक्ति, विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरु तथा सरोकारवाला सबैको हुनेछ ।

## परिच्छेद-२

## केन्द्रीय प्रवेश परिक्षा सञ्चालक समिति

४. केन्द्रीय प्रवेश परिक्षा सञ्चालक समिति सम्बन्धी व्यवस्थाः क) नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरुमा भर्ना आवेदन फाराम पेश गर्ने आवेदक परीक्षार्थीहरुको प्रवेश परीक्षा मर्यादित, अनुशासित र व्यवस्थित रुपमा सञ्चालन गरी व्यवस्थित रुपमा सम्बन्धित तहका कार्यक्रमहरुमा विद्यार्थी भर्ना गर्ने व्यवस्था गर्नका लागि एक केन्द्रीय प्रवेश परिक्षा सञ्चालक समिति गठन गरिनेछ ।

ख) यस कार्यविधि बमोजिम प्रवेश परिक्षा सञ्चालकसमितिले गर्नुपर्ने सबै काम समितिको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

(ग). समितिको सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(घ) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यत्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको निर्णय समितिको सचिवले प्रमाणित गर्नेछ ।

(च) समितिको बैठक सम्बन्धि अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) समितिले यो कार्यबिधि बमोजिम आफैले सम्पादन गनुपर्ने कामको लागि दक्ष वा विशेषज्ञका सेवा लिन सक्नेछ ।

(ज) उपदफा (छ) बमोजिम सेवा लिने प्रयोजनको लागि दक्ष वा विशेषज्ञको मनोनयन समितिले गर्नेछ र त्यस्तो सेवा लिए बापत सम्बन्धित दक्ष वा विशेषज्ञलाई विश्वविद्यालयले तोकेबमोजिमको पारिश्रमिक दिइनेछ ।

(झ) समितिका सदस्यहरुले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन ।

५. केन्द्रीय प्रवेश परीक्षा समितिको काम कर्तवय र अधिकार : (क)विश्वविद्यालयको ऐन र नियमहरुको अधिनमा रही विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गतका विभिन्न तहका प्रवेश परीक्षा लिई विद्यार्थी भर्ना गर्ने कार्यक्रमहरुमा भर्ना आवेदन गर्ने आवेदक परीक्षार्थीहरुको प्रवेश परीक्षा मयौदिन अनुशासित र व्यवस्थित रुपमा सञ्चालन गरी भर्नाका लागि विद्याथीहरुको योग्यताक्रम सिफारिस गर्न परीक्षा सञ्चालन केन्द्रध्यक्ष नियुक्ति , परीक्षा केन्द्र निर्धारण लगायतका कामहरु गर्नेछ ।

ख) केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिले परीक्षाको मर्यादा उल्ङघन गर्ने र गर्न लगाउने निरीक्षक, कर्मचारी ,सहयोगी कर्मचारीलाई परीक्षाका लागि तोकिएको पदबाट हटाई सम्बन्धित कार्यालयमा विभागीय कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

ग) केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिले परीक्षाको मर्यादा उल्ङघन गर्ने र गर्न लगाउने परीक्षार्थीलाई परीक्षाबाट निश्काशन गर्न तथा निजको परीक्षा रद्द गर्न सक्नेछ ।

## परिच्छेद-३

## परीक्षा सञ्चालन तथा पारिश्रमिक सम्बन्धी व्यवस्था

३. विशेष पर्यवेक्षक सम्बन्धी व्यवस्था: (क) केन्द्रीय प्रवेश परिक्षा सञ्चालक समितिले तोकेको परीक्षा केन्द्रमा प्रवेश परीक्षा शान्तिपूर्ण, व्यवस्थित,मर्यादित र अनुशासित रुपमा सञ्चालन गर्नका लागि केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिको प्रतिनिधिका रुपमा एक जना विशेष पर्यवेक्षक नियुक्त गर्न सक्नेछ । निजले नियमानुसार दैनिक तथा भ्रमण भत्ता पाउनेछ र विशेष पर्यवेक्षक वापत परीक्षा सञ्चालन भएको दिनमा पारिश्रमिक वापत रु. १०००। पाउनेछ ।

(ख) विशेष पर्यवेक्षकले केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिबाट आफ्नो केन्द्रसँग सम्बन्धित परीक्षार्थी विवरण, प्रवेश पत्र र सोको विवरण केन्द्रध्यक्ष, निरीक्षक तथा अन्य कर्मचारी एवं सुरक्षाकर्मी र परीक्षा सञ्चालन सम्बन्धी अन्य खर्चका लागि पेश्की स्वरुप रकम उपलब्ध गराइनेछ । सम्बन्धित केन्द्राध्यक्षसँगको समन्वयमा सोको नियमानुसार वितरण गरी आवश्यक कागजात सहित तोकिएको समय भित्र पेश्की फर्स्यौट गर्नु पर्नेछ ।

४. केन्द्राध्यक्ष: नेपाल खुला विश्वविद्यालय अन्तर्गतका विभिन्न संकाय अन्तर्गत सञ्चालित विभिन्न तहका कार्यक्रमहरुमा भर्ना आवेदन फाराम पेश गर्ने आवेदक परीक्षार्थीहरुको प्रवेश परीक्षा सञ्चालन गर्नका लागि प्रवेश परीक्षा सञ्चालक समितिद्वारा तोकिएका केन्द्रहरुमा एक एक जना केन्द्राध्यक्ष नियुक्त गर्नु पर्नेछ । केन्द्राध्यक्षका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) आफूलाई तोकिएको केन्द्रमा प्रवेश परीक्षा मर्यादित अनुशासित र व्यवस्थित रुपमा सञ्चालन गर्ने

ख) आफ्नो केन्द्रका लागि तोकिएको विद्यार्थी संख्यामा आधारमा निरीक्षक, कर्मचारी, सहयोगी नियुक्त गर्ने र तोकिए बमोजिमको कार्य मर्यादित अनुशासित र व्यवस्थित रुपमा सञ्चालन गर्न बाधा पुऱ्याउने वा बाधा पुऱ्याउने कार्यमा सहयोग पुऱ्याउने निरीक्षक, कर्मचारी, सहयोगी तथा अन्य व्यक्तिलाई परीक्षा भवनबाट निष्काशन गर्ने ।

ग) आफूलाई तोकिएको केन्द्रमा प्रवेश परीक्षा सञ्चालन गर्नका लागि आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्ने ।

घ) परीक्षामा परीक्षार्थीहरुले पालना गर्नुपर्ने कुराहरुलाई पालना नगर्ने परीक्षार्थीलाई परीक्षाबाट निश्काशन गर्ने वा निजको परीक्षा रद्द गर्ने सिफारिस गर्ने ।

ङ) प्रवेश परीक्षा हल तथा क्षेत्रमा परीक्षासँग असम्बन्धित व्यक्तिहरुलाई प्रवेशमा रोक लगाउने ।

च) प्रवेश पत्र हराएको वा नभएको परीक्षार्थीलाई यथोचित तथा पर्याप्त कारण भएमा छुट्टै कोड नं राखी परीक्षामा सहभागी गराउने ।

छ) आफ्नो प्रवेश परीक्षा आफैले दिन नसक्ने असक्त परीक्षार्थीलाइ पर्याप्त कारण सहितको सो तह भन्दा एक तह मुनीको शैक्षिक योग्यता भएका अन्य व्यक्ति मार्फत निजको परीक्षा दिन सक्ने व्यवस्था गर्ने

ज) केन्द्रीय प्रवेश परीक्षा समितिबाट प्राप्त प्रश्न पत्रहरु परीक्षा शुरु हुनु भन्दा आधा घण्टा अगाडी केन्द्राध्यक्ष, विशेष पर्यवेक्षक, उपलब्ध शिक्षक वा कर्मचारीको दस्तखत गरी खोलेर आवश्यक भएमा गोपनियता अपनाई फोटोकपी गरी तोकिएको समयमा परीक्षार्थीहरुलाई वितरणको व्यवस्था गर्ने ।

झ) परीक्षार्थीहरुले परीक्षामा उपयोग गरेको वस्तुगत प्रश्नपत्र र विषयगत परीक्षाको उत्तरपुस्तिका प्रमाणित गरी परीक्षार्थीले बुझाए पछि सुरक्षित साथ शिलबन्दी गरी छिटो साधनबाट केन्द्रीय प्रवेश परीक्षा समितिमा बुझाउनु पर्नेछ ।

ञ) परीक्षामा सहभागी परीक्षार्थीहरुको हाजिरी गराई केन्द्रीय प्रवेश परीक्षा समितिमा बुझाउनु पर्नेछ ।

ट) केन्द्राध्यक्षले प्रवेश परीक्षा सञ्चालन भएको दिनमा केन्द्राध्यक्ष पारिश्रमिक स्वरुप रु.१०००। प्राप्त गर्नेछ विश्वविद्यालय वा अन्य विश्वविद्यालयका शिक्षक कर्मचारी प्रवेश परीक्षा सञ्चालन सम्बन्धी कामका लागि निज रहेको कार्यालय भन्दा बाहिर जानु पर्ने भएमा विश्वविद्यालयको नियम अनुसार तोकिएको अवधिका लागि दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

ठ) विशेष पर्यवेक्षकलाई सम्बन्धित केन्द्र अन्तर्गतका केन्द्राध्यक्ष , सहायक केन्द्रध्याक्ष, निरीक्षक, सहयोगी कर्मचारी, सुरक्षागार्ड,सुरक्षाकर्मी र मसलन्द तथा भैपरी आउने खर्च भुक्तानी गर्नका लागि पेश्की स्वरुप रकम उपलब्ध गराइनेछ । सोको पेश्की फर्स्यौट नियमानुसार गर्नुपर्नेछ ।

ड. परीक्षार्थीले पालन गर्नु पर्ने कुरा तोक्न सक्ने : कुनै परीक्षा केन्द्रमा केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिले तोकेका परीक्षार्थीहरुले पालना गर्नुपर्ने कुराहरुका अतिरिक्त केन्द्रीय प्रवेश परीक्षा सञ्चालक समितिलाई पूर्व जानकारी दिई विषयको प्रकृति र गाम्भिर्यताका आधारमा केन्द्राध्यक्षले कुनै खास केन्द्रका लागि परीक्षार्थीले पालन गर्नु पर्ने थप कुरा तोक्न सक्नेछ ।

५. सहायक केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी तथा सहयोगी कर्मचारी र सुरक्षागार्ड सम्बन्धित व्यवस्था

क) प्रत्येक केन्द्रमा १०० जना विद्यार्थी बराबर एक जना हुने गरी केन्द्राध्यक्षले सहायक केन्द्राध्यक्ष तोक्नेछ । सहायक केन्द्रध्याक्षले परिश्रमिक वापत रु.७००। प्राप्त गर्नेछ ।

ख) प्रत्येक केन्द्रमा १५ जना विद्यार्थी बराबर एक जना हुने गरी केन्द्राध्यक्षले निरीक्षक तोक्नेछ । यसरी निरीक्षकका रुपमा बस्ने शिक्षक तथा कर्मचारीले परिश्रमिक वापत रु.६००। पारिश्रमिक प्राप्त गर्नेछ ।

ग) प्रत्येक केन्द्रमा ५० जना विद्यार्थी बराबर एक जना हुने गरी केन्द्राध्यक्षले कर्मचारी तोक्नेछ । कर्मचारीको परिश्रमिक वापत रु. ४००। प्राप्त गर्नेछ ।

ग) प्रत्येक केन्द्रमा ५० जना विद्यार्थी बराबर एक जना हुने गरी केन्द्राध्यक्षले सहयोगी कर्मचारी तोक्नेछ । यसरी सहयोगीका रुपमा बस्ने व्यक्तिले परिश्रमिक वापत रु २५०। प्राप्त गर्नेछ । साथै प्रत्येक केन्द्रमा एक जना स्वीपर केन्द्राध्यक्षले परीक्षा सञ्चालनको दिनमा राख्न सक्नेछ । स्वीपरले पारिश्रमिक वापत रु.२५०। प्राप्त गर्नेछ ।

घ) प्रत्येक केन्द्रमा ३०० जना विद्यार्थी सम्म एक जना र ३००। जना भन्दा बढी भएमा २ जना सम्म केन्द्राध्यक्षले सुरक्षा गार्ड तोक्नेछ । यसरी सुरक्षा गार्डका रुपमा बस्ने सुरक्षा गार्डले परिश्रमिक वापत २५०। प्राप्त गर्नेछ ।

च) प्रत्येक केन्द्रमा सामान्य अवस्थामा ५ जना सम्म सुरक्षाकर्मीको व्यवस्था केन्द्राध्यक्षले गर्नसक्नेछ । प्रति सुरक्षाकर्मीलाई खाजाखर्च वापत रु २००। उपलब्ध गराइने छ ।

छ) प्रत्येक केन्द्रमा भैपरी, मसलन्द तथा विविध खर्च वापत प्रति विद्यार्थी रु.१५। विशेष पर्यवेक्षकलाई रकम उपलब्ध गराइनेछ ।

ज) विशेष पर्यवेक्षक र केन्द्राध्यक्षलाई आफ्नो केन्द्रको परीक्षा सामग्री ढुवानी तथा संचार खर्च वापत रु. १०००। उपलब्ध गराइनेछ ।

## परिच्छेद-४

## प्रश्नपत्र निर्माण तथा परिमार्जन र उत्तर पुस्तिका परीक्षण

६. प्राश्निक तथा परिमार्जनकर्ता सम्बन्धित व्यवस्था

क) सम्बन्धित डीनले आफू अन्तर्गतका विभिन्न तहका कार्यक्रमहरुको प्रवेश परीक्षा सञ्चालन गर्नका लागि प्रत्येक तहका लागि ३ सेट प्रश्नपत्र निर्माण गर्न लगाउनु पर्नेछ । यसरी प्राप्त प्रश्नपत्रहरुलाई परिमार्जन गरी अधिकत्म तीन सेट प्रश्नपत्र निर्माण गर्न लगाउनु पर्नेछ ।

ख) वस्तुगत प्रश्नपत्र निर्माण गर्दा प्राश्निकलाई प्रति प्रश्न रु.४०।–उपलब्ध गराउने र परिमार्जनकर्तालाई प्रति प्रश्न रु.१० पारिश्रमिक उपलब्ध गराइनेछ ।

ग) विषयगत प्रश्नपत्र निर्माण गर्दा प्राश्निकलाई प्रति प्रश्न रु.२५ उपलब्ध गराइनेछ र परिमार्जनकर्तालाई प्रति प्रश्न रु.१०। पारिश्रमिक उपलब्ध गराइनेछ ।

ज) प्रवेश परीक्षाको तयारी, उत्तर पुस्तिका परीक्षण एवं नतिजा तयारी सम्बन्धी सम्पूर्ण व्यवस्था सम्बन्धी डीन कार्यालयले सम्पन्न गरी प्रवेश परीक्षा सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । यस्तो कार्य सार्वजनिक विदाको दिन र अतिरिक्त समयमा नतिजा तयारी सम्बन्धी कार्य गरे वापत अतिरिक्त नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

## परिच्छेद-५

## परीक्षा नतिजा प्रकाशन

७. प्रवेश परीक्षा नतिजा प्रकाशन सम्बन्धि व्यवस्था

क) सम्बन्धित डीन कार्यालयबाट प्राप्त नतिजाका आधारमा प्रवेश परीक्षा सञ्चालक समितिले तोकिएको संख्यामा उर्तीर्ण परीक्षार्थी मध्येबाट अधिकतम अंक प्राप्त गर्ने परीक्षार्थीको भर्नाको योग्यताक्रमको ७

दिने सूचना दिई प्रथम सूची प्रकाशन गर्नेछ । यसरी प्रकाशित सूचीबाट तोकिएको संख्याका विद्यार्थी भर्ना नभएमा ३ दिने सूचना दिई योग्यताक्रमका आधारमा अन्य सूचीहरु प्रकाशन गर्नेछ

ख) उपयुर्क्त दफा (क) अनुसार विद्यार्थीको योग्यता क्रम निर्धारण गर्दा बराबर अंक प्राप्त भएमा भर्ना आवेदन आव्हान गरेको तह भन्दा एक तह मुनीको शैक्षिक योग्यतामा प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत वा ग्रेड प्वान्ट एभरेजलाई आधार मान्नुपर्नेछ यसरी पनि योग्यताक्रम नछुट्टिएमा सो भन्दा तल्ला तहको शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत वा ग्रेड प्वान्ट एभरेजका आधारमा क्रमशः योग्यताक्रम निर्धारण गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विविध

८. निर्देशिका तथा निर्देशन : क) विश्वविद्यालय ऐन, नियम तथा कार्यविधिको अधिनमा रही प्रवेश परीक्षा सञ्चालक समितिले परीक्षालाई अनुशासित,मर्यादित र व्यवस्थित  बनाउनका लागि निर्देशिका बनाई जारी गर्न र तोकिएको अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

९. काम कारबाही बदर नहुनेः यस कार्यविधि अन्तर्गत कुनै पदाधिकारी वा अधिकारीको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र त्यस्तो पदाधिकारी वा अधिकारी संलग्न भै गरेको कुनै काम कारवाही बदर हुने छैन ।

१०. असर नियतले गरेको काममा बचाउः यस कार्यविधि बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा कुनै पदाधिकारी वा अधिकारी उपर मुद्धा चलाउने वा अन्य कारवाही गरिने छैन ।